फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.स. (Ref.No.): -०८१/८२

च.नं. (Dispatch No.): -

# आन्तरिक आय संकलन सम्बन्धी कार्यको बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०५/१९

फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०८१।८२ को लागि जडिबुटी,कवाडी,वनजन्य वनस्पती र प्रचलित कानुनले निषेध गरे बाहेकका जीव जन्तुको प्वाख,खुर,सिङ र छाला फिक्कल गाउँपालिका क्षेत्र बाहिर निकासी हुँदा लाग्ने कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले फिक्कल गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दो वस्त ) सम्बन्धी कार्यविधि , २०७९ बमोजिम मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र पेस गर्नुहुन सार्वजनिक सूचना आह्वान गरिन्छ।

१. दरभाउपत्र फाराम गाउँपालिकाबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु.१०००।– (रु.एक हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीवाट खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ। निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र आ.ब.२०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्र फाराम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा दाखिला गर्नु पर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु १६ औं दिनको २:०० बजे फिक्कल गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४.बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै कार्यालय समय भित्र बोलपत्र खरिद गर्न र बुझाउन सकिनेछ।

५. बोलपत्र खाम बाहिर बोलपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र बोलपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ।

डम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकीय अधिकृत

६. जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको प्राईम कमर्सियल बैंक फिक्कल शाखा सिन्धुलीमा रहेको धरौटी खाता ग.३–१ स्थानीय तह धरौटी खाता हि.न ०७८०१००००००००२८८००१७९ मा जम्मा भएको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट फिक्कल गाउँपालिकाको नाममा जारी भएको जमानी पत्र पेश गर्नु पर्नेछ। सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ।

७.बोलपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

८. एउटा फर्म वा व्यक्ति को नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा व्यक्ति को नाममा दाखिला गर्न पाइने छैन।

९. बोलपत्र दाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको बोलपत्र पेश गर्नु पर्नेछ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्र दाता स्वयमले बुझाउनुपर्नेछ।

११. कुनै सर्त राखी पेश गरेको बोलपत्र उपर कारवाही हुनेछैन।

१२. सुचना शर्त विपरित भएका, गाउँपालिकाबाट उपलब्ध गराइएको बोलपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन तथा बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ।

१३.यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

१४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बोल कबोल अंक | जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ३/०८१/०८२ | आन्तरिक आय संकलन(जडिबुटी,कवाडी,वनजन्य वनस्पती र प्रचलित कानुनले निषेध गरे वाहेकका जीव जन्तुको प्वाख,खुर,सिङ र छाला निकासी) सम्बन्धी कार्य | ७०००००/- (मु अ कर बाहेक) | कबोल अकंको ५% | १००० |

२०८१।८।१९

.................

डम्बर बहादुर रजनमगर

प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकीय अधिकृत